# व्यवस्थापिका-संसद
## प्राकृतिक स्रोत र साधन समिति
## चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली अध्ययन भ्रमण टोली,२०६८

### विषय प्रवेश

राष्ट्रिय निकुञ्ज, आरक्ष, सरकारी तथा सामुदायिक वन क्षेत्र लगायत सिमसार क्षेत्रमा रहेका जलचरहरुको संरक्षणमा देखिएका समस्या, गिद्ध संरक्षण कार्यक्रमको स्थिति र समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेद,२०६७ मा दिइएका सुझाव एवं निर्देशनहरुको कार्यान्वयनको स्थितिको सम्बन्धमा देहायको टोलीले मिति २०६८।२।२२ देखि २०६८।२।२७ सम्म तराई भू-परिधि क्षेत्र अन्तर्गत पर्ने चितवन र बर्दिया राष्ट्रिय निकुञ्जहरु, रुपन्देही, कपिलवतु, दाङ, बर्दिया, कैलालीको केही वन अतिक्रतित क्षेत्रको स्थलगत अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

भ्रमणमा सहभागी माननीय सदस्यहरु

- मा. सभापति श्री शान्ता चौधरी
- मा. श्री अमृतलाल राजवंशी
- मा. श्री धर्मराज वि.क.

कर्मचारीहरुतर्फ

- सहसचिव श्री रामशरण घिमिरे
- कम्प्युटर अपरेटर श्री जीवनकुमार निरौला
- कार्यालय सहयोगी श्री गोपाल तामाङ्ग

विषयविद्

- श्री सन्तोषमणि नेपाल
- श्री धन राई
- श्री प्रकाश लम्साल

अध्ययन विधि

(१) स्थलगत अध्ययन
(२) विभिन्न सरोकारवालाहरुसँग अन्तरक्रिया एवं छलफल
(३) सम्बन्धित पाठ्य सामाग्रीहरुको अध्ययन ।

## पृष्ठभूमि

### तराई भूपरिधि

तराई भू-परिधि भन्नाले पूर्वमा नेपालको वाग्मती नदीदेखि पश्चिममा भारतको यमुना नदीसम्मको विस्तृत सरक्षंण भू-भागलाई जनाउदछ । यस क्षेत्रलाई पहिचान गर्ने अभिप्रायले नेपाल सरकारले सन् २००४ मा विशिष्ट प्रकृतिको तराई भू-परिधिको रणनीति तर्जुमा गरी स्वीकृत गरेको छ । यस भू-परिधिमा रहेका संरक्षित क्षेत्रहरु र यिनीहरुलाई एक आपसमा जोड्ने जैविक मार्गहरुको संरक्षण गरी यस क्षेत्रको जैविक विविधताको दीगो सरक्षण गर्ने यस भू-परिधि कार्यक्रमको परिकल्पना रहेको छ । नेपाल र भारतमा गरी कुल ४९,००० वर्ग किलोमीटरमा फैलिएको तराई भू-परिधिको २३,१९९ वर्ग किलोमीटर क्षेत्र नेपालमा पर्दछ ।

तराई भू-परिधि कार्यक्रमलाई नेपाल सरकारले सन् २००१ देखि कार्यान्वयनमा ल्याएको छ । पूर्वमा वागमती नदीदेखि पश्चिममा महाकाली नदीसम्मको नेपालको तराई भू-परिधि भित्र छ वटा संरक्षित क्षेत्र र अन्य प्रमुख जैविक मार्गहरु पर्दछन् । यस भू-परिधिभित्र नेपालको तराईको ७५ प्रतिशत वन जंगल पर्दछ । यस क्षेत्रमा ६७ लाखभन्दा बढी मानिस बसोबास गर्दछन् र ४५ लाखभन्दा बढी गाईवस्तुहरु छन् । तराईको संवेदनशील र जलाधारको हिसाबले महत्वपूर्ण चुरे पर्वत श्रृंखलाको धेरै भाग तराई भू-परिधिभित्र पर्दछ ।

तराई भू-परिधि क्षेत्र जैविक विविधताको हिसाबले ज्यादै महत्वपूर्ण रहेको छ । यो क्षेत्र बाघ, गैंडा, हात्ती, डल्फिन र घडियाल गोही जस्ता दुर्लभ वन्यजन्तुहरुको प्रमुख बासस्थान हो । यस्तै यस क्षेत्रमा ५५० भन्दा बढी प्रजातीका पंक्षीहरु रहेका छन् ।

जनसाधारणले बुझ्ने भाषामा भन्नुपर्दा तराई भू-परिधि कार्यक्रमले बिगतमा जनजिब्रोले भन्ने गरेको चारकोशे झाडीलाई पूर्ववत् अवस्थामा पुऱ्याउने लक्ष लिएको छ । जनसंख्या बिस्तार र विकास निर्माणको कारण तराई क्षेत्रको वनको हैसियतमा ठूलो ह्रास आएको छ । यस कार्यक्रमले वनक्षेत्रको निरन्तरताको लागि जैविक मार्ग र वन सांघुरिएको क्षेत्र पहिचान गरी तिनको पुनर्स्थापना गर्ने कार्य गर्दै आएको छ । तराई भू-परिधि क्षेत्रमा पहिचान भएका यस्ता महत्वपूर्ण जैविकमार्ग पूर्वदेखि पश्चिमसम्म क्रमशः लमही (दाङ), महादेबपुरी (बाँके), खाता (बर्दिया), बसन्ता (कैलाली), मोहना–लालझाडी (कञ्चनपुर) रहेका छन् :

दोभान (पाल्पा), ।

तराई भू-परिधि कार्यक्रमले यी जैविकमार्ग, मध्यवर्ती क्षेत्र र संरक्षित क्षेत्रहरुमा वन क्षेत्र एवं चुरे क्षेत्रमा वन तथा प्रजाती तथा तिनको वासस्थानको संरक्षणको कार्य गर्दै आएको छ । जैविक विविधता र स्थानीय बासिन्दाको जीविकोपार्जनको दृष्टिकोणले अति नै महत्वपूर्ण यस क्षेत्रमा संरक्षण र विकास कार्यक्रमलाई सन्तुलित रुपमा समेट्नु पर्ने हुन्छ ।

## स्थलगत अध्ययनबाट प्राप्त जानकारी एवं समस्याको कथन

**वन्यजन्तु र जलचरको संरक्षणको समस्या**

(क) जंगली जनावर गैंडा, हात्ती, हरिण, चित्तल लगायतका जनावरहरुलाई चरिचरणको व्यवस्था हुनु पर्दछ । चरिचरणको लागि तराई क्षेत्रका राष्ट्रिय निकुञ्जहरुमा फाँटाहरु त छन्, तिनीहरुलाई व्यवस्थापन गर्न समस्या देखिएको छ । जस्तो चितवन राष्ट्रिय निकुञ्जमा ४६००० हेक्टर घाँसे मैदान छ तर वर्षमा मुश्किलले ५००० हेक्टर मात्र व्यवस्थापन हुँदो रहेछ । अहिले माइकेनिया भन्ने मिचाह प्रजातीले घाँसे मैदान मात्र होइन, रुख विरुवा समेत नोक्सानी गरिरहेको छ ।

(ख) निकुञ्जबाट जंगली जनावर वाहिर निस्की मानिस र तिनीहरुको सम्पत्ति नोक्सान गर्ने गरेको तर राहतको कार्यमा ढिलाई हुने गरेको छ । वन्यजन्तुले मानिस मारेमा पहिले तस्कर गएर पीडित

परिवारलाई राहत र शान्त्वना दिन्छ । सरकारी तवरबाट तत्कालै त्यो गर्न सकिदैन । त्यसले गर्दा जंगली जीवजन्तुप्रति सर्वसाधारणमा नकारात्मक सन्देश गएको पाइएको छ ।

(ग) जलचर: चितवन, बर्दिया, बाँके राष्ट्रिय निकुञ्जभित्र र सिमाना क्षेत्रका नदीहरुमा गोही संरक्षणको लागि माछाको उत्पादन बढाउनु पर्ने तर ती नदीहरुमा अत्यधिक माछा मारिनाले गोही र डल्फिनको लागि माछा ज्यादै न्यून भई ती प्राणीहरु संकटमा परेका छन् ।

(घ) राप्ती, नारायणी, कोशी, कर्णाली, ववई आदि नदीहरुमा गोहीले फुल पार्ने उपयुक्त ठाउँ र फुलहरुको संरक्षण हुनु नसक्नु पनि गोहीको वृद्धि नहुनु हो । त्यसैगरी प्रजनन केन्द्रमा अरुले मारेर दिएको माछा खाने बानी परेका गोहीहरु नदीमा छाड्दा तिनले माछा आफैं शिकार गर्न नसक्ने पनि अनुमान गरिएको छ । साथै गोहीहरु माछालाई हाल्ने जालमा पर्ने र खान नपाएर गोही मर्ने कुरा पनि टोलीलाई जानकारी भयो ।

(ङ) सन् १९७८ देखि अहिलेसम्म ७९२ वटा गोही नदीमा छाडेकोमा मुश्किलले ८१ वटा जति भेटिन्छन् । त्यो हुनुमा नदीमा पर्याप्त माछा नहुनु, नदी प्रदूषण हुनु, नदीमा अत्यधिक माछा मारिनु, वर्षामा बाढी आएको बखत गोही, डल्फिन लगायतका जलचर गण्डक नहरबाट तल जानु र तल गइसकेपछि फिसल्याडर नभएको कारण माथि आउन नसक्नु हो । नदी प्रदूषणका प्रमुख कारणमा निकुञ्जका जलचर रहने स्थानभन्दा माथि शहरको ढल नदीमा मिसाउनु, माछा मार्न विषादीको प्रयोग गरिनु, विष्फोटक पदार्थको प्रयोग हुनु, नदीका किनारमा अवस्थित उद्योगहरुले रासायनिक पदार्थ मिसिएको पानी नदीमा मिसाउनु रहेको छ । यस्तो प्रदूषित पानी खाँदा अरु जंगली जनावरमा पनि प्रतिकुल असर पर्ने संभावना देखिन्छ । यसको ज्वलन्त उदाहरण हो नारायणी नदी ।

(च) पाहुना चराहरु आउने ठाउँ बीच हज्जारी ताल, घोडाघोडी ताल, जगदीशपुर ताल र नदीहरु हुन् । यिनीहरुको पनि संरक्षण र सम्बर्धन उचित किसिमले हुन सकेको देखिएन ।

**वन अतिक्रमणको समस्या**

(क) अध्ययन टोलीबाट रुपन्देही, कपिलवस्तु, कैलाली जिल्लाका वन अतिक्रमण क्षेत्रहरुको अध्ययन हुँदा वन अतिक्रमण रोकिएको पाइएन । रुपन्देहीमा मात्र ७७७३ हेक्टर वन अतिक्रमण भएको जानकारी प्राप्त भएको । यस जिल्लामा २०२७ मा चरङ्गे क्षेत्रबाट अतिक्रमण शुरु भएता पनि २०३६ सालबाट बढी मात्रामा अतिक्रमण भएको रहेछ । रुद्रपुर गा.वि.स.मा त ६० प्रतिशत वस्ती नै अतिक्रमित बस्ती भनिन्छ । यो हुनुमा अत्यधिक जनघनत्वलाई प्रमुख कारण मानिएको छ । लामो अवधिदेखि पक्की घर समेत बनाई वसोवास गरेका समेत यहाँ भएकाले उनीहरुलाई हटाउन सजिलो नभएको कुरा जिल्ला वन अधिकृतले बताउनु भयो । जहाँ जग्गा अतिक्रमण गरेर बस्ती बसेको छ, सो ठाउँमा नेपाल विद्युत प्राधिकरणले विजुली दिएको छ, खानेपानी तथा सरसफाई कार्यालयले खानेपानीको व्यवस्था गरिदिएको छ । शिक्षा मन्त्रालयले विद्यालय र क्याम्पसको स्वीकृति दिएको छ । जिल्ला विकास समितिले वातावरण ऐन र नियमावली विपरीत वातावरण प्रभाव मूल्याङ्कन र वन तथा भू-संरक्षण मन्त्रालयको स्वीकृति विना वन क्षेत्रमा जथाभावी रुपमा सडक निर्माण गरेको अवस्था छ । जस्तो दाङको चखेडादेखि सिसहनीयासम्म १५/२० घरको लागि १० कि.मि. बाटो वनमा नै बनाएको छ ।

(ख) वाणगंगा गा.वि.स.मा पिप्रादेखि पटनासम्म विश्व बैंकको सहयोगमा १२ कि.मि. बाटो बनेको देखियो । यो बाटोको दायाँ वायाँ २० कि.मि. सम्म वन क्षेत्र मिचेको र रुखको वरिपरि बोक्रा ताछेर रुख सुकाएको पनि देखियो । सो बाटो वनको स्वीकृति वेगर वातावरण प्रभाव मूल्याङ्कन नगरी

बनाइएको पाइयो । साथै राष्ट्रिय वन समुदायको नाममा दिने भनेर वन अतिक्रमणकारीलाई नै पनि वन दिएको देखियो । जस्तो कपिलवस्तुको राजापानी सामुदायिक वन ।

(ग) कपिलवस्तुको अधिकांश वनक्षेत्र नजिकमा व्यक्ति र वनको जग्गा नै नछुट्टिने अवस्था देखिएको छ । जंगल भित्रै जग्गाको प्लटिङ्ग गरिएको छ । त्यहीं मेचपुरी सशस्त्र प्रहरीको वेश क्याम्प पनि रहेको छ । तैपनि त्यही बाटोबाट काठ तस्करी हुने गर्दोरहेछ तर तस्करी रोक्न प्रहरीको सहयोग पाउन नसकिएको गुनासो वन कर्मचारीहरुको रहेको थियो । अहिले स्थानीय निकायमा जति रकम जान्छ, अधिकाँश भाग बाटो निर्माणमा नै लगाइन्छ । बाटो खन्ने काम डोजरबाट गरिएको छ । चुरे क्षेत्रमा डोजरबाट बाटो निर्माण गर्दा वन र वातावरणमा भने प्रतिकूल प्रभाव परेको छ ।

(ङ) विद्यालय, क्याम्पस, मन्दिर, खेल मैदान जे बनाउनु परे पनि वनकै जग्गा चाहिने र वनले नै जग्गा दिनु पर्ने भन्ने मानसिकताको विकास भइरहेको अवस्थामा सशस्त्र प्रहरी क्याम्प राख्न पनि वनकै जग्गा लिएको र अरु थप जग्गा पनि लिन कारवाही भइरहेको जानकारी प्राप्त भएको । यसरी सवैतिरबाट वनमाथि नै दवाव पर्ने हो र वन अतिक्रमणकारीलाई पनि नियन्त्रण नगर्ने हो भने देशमा कूल भूभागको ४० प्रतिशत वन कायम हुन सक्ने अवस्था देखिदैन । यसले वातावरणीय असन्तुलन ल्याई अन्ततोगत्वा मानव जातीलाई प्रतिकुल असर पर्न जाने देखिन्छ ।

(च) जुनसुकै संरचना बनाउन वा जग्गा वितरण गर्नु पर्दा वनको जग्गा माथि मात्र सवैले आँखा लगाउने भएकोले वन र वनको जग्गा सुरक्षा गर्ने निकाय जिल्ला वन कार्यालयले जिल्लामा आफू एक्लो महसुस गरेको पाइयो । यस समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन,२०६७ ले वन र वन्यजन्तुको संरक्षणमा कार्यरत सवैलाई राहत मिलेको भन्ने कुरा पनि छलफलको क्रममा व्यक्त भएको थियो ।

(छ) समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदनमा उल्लिखित अतिक्रमण रोक्ने सम्बन्धमा दिएका निर्देशन र सुझाव कार्यान्वयन भएको पाइएन ।

**खोरिया फँडानी**

मुङ्गलिङ्ग- नारायणगढ खण्डमा पर्ने त्रिशुली नदीको दायाँ वायाँ भिरालो पाखामा वन अतिक्रमण गरी खोरिया खन्ने र त्यहाँ मकै छर्ने गरिएको देखिएकोले यसबाट एकातिर वन र वनक्षेत्रको क्षति भइरहेको र अर्कोतिर भिरालो क्षेत्रमा खनजोत गर्दा भू-क्षय र पहिरो जाने अवस्था देखिएको छ ।

**कैलालीको चिसापानी क्षेत्रः**

कैलालीको चिसापानीको बस्ती र वजार अवैध रुपमा अतिक्रण गरी वसोवास भएको क्षेत्र रहेछ । त्यस्तो ठाउँमा पनि सरकारले पानी, विजुली, विद्यालय, टेलिफोन, प्रहरी चौकीको व्यवस्था गरिदिएको छ । त्यहीं वसोवास गर्नेहरुले कर्णालीको माछा मार्ने वा मार्न लगाउने गर्दारहेछन् । त्यहाँ वजार व्यवस्थापन समिति, टोल सुधार समिति, पर्यटन विकास समिति लगायतका संघ, संस्थाहरु पनि क्रियाशिल रहेका छन् । राजमार्गको माथि पर्यटन वोर्डले वातावरण प्रभाव मूल्याङ्कन नगरी र वनको स्वीकृति वेगर पर्यटन सूचना केन्द्र बनाई कम्पाउण्ड वाल समेत लगाएको देखियो । त्यसैको आडमा स्थानीय संघ, संस्थाहरुले मन्दिर बनाउने र वनको जग्गा अतिक्रमण गरी प्लटिङ्ग गर्ने काम समेत गरेको देखियो ।

**बल्चौर इलाका वन कार्यालय, कैलाली**

बल्चोर इलाका वन अन्तरगतको वन क्षेत्र बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको छ । यस इलाका भित्रका १५ वटा सामुदायिक वन मिलेर जन सहभागिताको आधारमा वन्यजन्तुको समेत संरक्षण भइरहेको रहेछ । बल्चौर वसन्ता वन चक्ला वनको रुपमा रहेका छ । तथापि अतिक्रमणको समस्याबाट भने यो वन पनि मुक्त हुन सकेको छैन । खासगरी वसन्ता, चायभावर, जरईमा अतिक्रमणको प्रमुख समस्या रहेको जानकारी पाइयो । यही बल्चौर क्षेत्र भित्रको वन क्षेत्रबाट आछाम जाने बाटो बन्दैछ तर कहाँबाट कसरी र कति ठाउँमा भने थाहा नभएको कुरा सहायक जिल्ला वन अधिकृतले टोलीलाई बताउनु भयो । यही नेर बाटैको छेउमा १५/२० वटा छाप्रो बनाएर वादीहरु पनि वसेको देखियो तर तिनीहरुले खालि ठाउमा छाप्रा बनाएर बसेको छन् तर वनका रुख विरुवालाई भने हानी नोक्सानी पुऱ्याएको देखिएन । वनका कर्मचारीहरुले के पनि जानकारी गराउनु भयो भने कोटातुलसीपुरमा मुक्त कमैयालाई राख्न मिल्दैन भनेर जसले बस्न दिएनन्, उनीहरुले नै सो ठाउँको जग्गा अतिक्रमण गरी वसोवास गरिरहेका छन् ।

### कैलालीको पहलमानपुर- पचमुरिया सडक र वन अतिक्रमण

पहलमानपुरदेखि पचमुनियासम्म करिब १० कि.मि. जाँदा सडकको दुवैतर्फ वन अतिक्रमण गरी बस्ती बसाल्ने र जग्गा आवाद गर्ने गरिएको देखियो । त्यही बाटोबाट काठ तस्करी गरिने गर्दछ भन्ने पनि सुनियो । वनसँग साधन स्रोत नभएकोले यस क्षेत्रको अतिक्रमणलाई वन कार्यालयले मात्र नियन्त्रण गर्न सक्ने अवस्था देखिएन ।

वन अतिक्रमणको समस्यामा भूउपयोग नहुनु, सुकुम्बासी, बाढी पीडित, मुक्त कमैया आदिको नाममा भूमफियाले जग्गा कब्जा गर्ने गरेको र अहिलेसम्म वितरण भएको जग्गामध्ये बढी मात्रामा भूमाफियाकै हातमा जमिन गएको बुझियो ।

### वन क्षेत्रको जग्गा अन्य प्रयोजन ल्याउने कार्य

चितवन जिल्ला अन्तर्गत सशस्त्र वन सुरक्षा तालिम केन्द्र, टिकौलीको परेड ग्राउण्ड तथा आसपासका वन क्षेत्र अत्यन्त सम्वेदनशील जैविक मार्गमा पर्ने, वहुमूल्य एक सिंगे गैंडाको वासस्थान एवं घुमफिर गर्ने स्थान भएको र रामसार सूचीमा रहेको बीस हज्जारी तालको पानीको स्रोतको रुपमा समेत रहेको तर यो क्षेत्रलाई हाल आएर स्थानीय क्लव तथा केही व्यक्तिहरुले क्षेत्रीय रंगशालाको रुपमा परिणत गर्न खोजेको जानकारी प्राप्त हुन आएको छ ।

### गिद्ध संरक्षण कार्यक्रम, दाङ :

दाङमा दुई स्थान लालमटिया र विजौरीमा पशु वृद्धाश्रम तथा गिद्ध संरक्षण केन्द्रको स्थापना गरिएको छ । लालमटियाको केन्द्रलाई कालिका सामुदायिक वनले व्यवस्थापन गरेको छ । यिनीहरको उद्देश्य वृद्ध पशुहरु संकलन गरी पालनपोषण गर्ने र मरेपछि गिद्धलाई खुवाउने । घरपालुवा पशुहरुमा डाइक्लोफेनेक नामक औषधीको प्रयोग भएका पशुको सिनो खाएको कारण गिद्धहरु मरेका र नेपाल, भारत र पाकिस्तानमा पाइने डगर, सानो खैरो र लामो ठुँडे गिद्ध सन् १९९० देखि ९५ प्रतिशतले घटेर संकटापन्न अवस्थामा पुगेको बताइन्छ । यो औषधी खाएको पशुको सिनो खाएपछि गिद्धलाई मृगौलामा असर पर्न गई गिद्धहरु मर्दा रहेछन् । अहिले डाइक्लोफेनेकको सट्टा मेलोक्सिक्याम औषधी प्रयोग गर्न सकिन्छ । यो औषधी खाएका पशुहरुको सिनो खाएमा गिद्ध मर्दैन भनिन्छ । यसैले ती गिद्ध संरक्षण केन्द्र रहेका गा.वि.स.हरुलाई डाइक्लोफेनेक मुक्त क्षेत्र घोषणा पनि गरिएको रहेछ । गिद्धलाई गुँड लगाउन मन पर्ने सिमलका विरुवाहरु रोपिएका पनि देखियो । यी केन्द्र स्थापना भएपछि ती क्षेत्रका रुखहरुमा गिद्धले गुँड

लगाएर बसेको र मरेका पशुको सिनो खाएको देख्न सकिन्छ र गिद्धको प्रजाती र संख्या बढेको पनि बताइन्छ ।
लालमटिया गा.वि.स.मा अवस्थित कालिका सामुदायिक वनको  गिद्ध संरक्षण केन्द र गांउ विचमा रहेको खालि जग्गा सशस्त्र प्रहरी वल, ज्वालामाई गणको स्वामित्वमा रहेको जानकारी पाईएको छ । केहि महिना अघि त्यहां तालिमको संचालन गर्दा धेरै मानिस र लगातार फाइरिङ्ग गर्दा त्यसबाट गिद्धहरु गुंडै छोडेर गएको` जानकारी पाईएको छ । गिद्ध संरक्षण केन्द्र भएको ठाउँमा प्रहरीहरुको ब्यारेक रहने हो भने जनतावाट भएका राम्रा संरक्षणको कार्यले रिन्तरता पाउन सक्दैन । अत: प्रहरीलाई दिइएको भनिएको जग्गा सामुदायिक वनले पाउनु पर्छ । यसो भएमा वन र वन्यजन्तुको संरक्षण हुन सक्छ भन्ने कुरा त्यहाँका पदाधिकारीहरुले बताउनु भयो ।

**कालिका सामुदायिक वन, लालमटिया, दाङः**

यो वन ४४९ हेक्टरमा फैलिएको छ । यसमध्ये २७ विगाह जग्गा मुक्त कमैयालाई वसोवास गर्न दिइएको छ । यो वन प्युठान, अर्घाखाँची, कपिलवस्तु र चितवनका जंगलसँग जोडिएको छ । घरधुरी संख्या ६१५ रहेको छ । यस सामुदायिक वनले पानी संरक्षणको लागि पोखरीको निर्माण गरेको छ । चुरेमा रहेका जनतालाई सीपमूलक तालिम दिएर सचेतना फैलाएको रहेछ । राम्रो व्यवस्थापनको कारण रुख विरुवाको वृद्धि भै वन राम्रो अवस्थामा देखिएको छ । यसले गर्दा १४ ठाउँमा पानीको मूलहरु पुन: देखिन थालेको, हात्ती आउन थालेको, जंगली जनावरहरु बढेको कुराको पनि जानकारी प्राप्त भयो । विजौरीमा केही दिन अगाडि नगरपालिकाले विष खुवाएर मारेको कुकुरको सिनो खाएका कारण २५ वटा गिद्ध एकै पटक मरेका रहेछन् । त्यसपछि विष सेवन गरी मरेका पशुहरुको व्यवस्थापन गर्ने कुरा भएको रहेछ ।
यो सामुदायिक वन चुरे क्षेत्रमा पर्दछ । चुरेमा अत्यधिक जनताको वसोवास भएमा सो क्षेत्र संरक्षण हुन सक्दैन । त्यहाँ वासिन्दालाई त्यहाँ उब्जेको अनाजले तीन महीना पनि खान नपुग्ने, वनको पनि नोक्सानी हुने, खनजोत गर्दा भूस्खलन हुने, रोजगारीको अवसर पनि प्राप्त नहुने भएकोले तिनीहरुलाई अन्य उपयुक्त स्थानमा  स्थानान्तरण गर्नु पर्ने देखिन्छ ।

**दाङको कटुवा खोलाको प्लटिङ्गः**

दाङ्ग जिल्लाको कटुवा खोलाको किनारमा प्लटिङ्ग गरिएको छ। र नदी नियन्त्रणको लागि करिव अढाई फिटको रिटेनिङ्ग वाल लगाइएको छ । त्यो प्लटिङ्ग गरिएको ठाउँ घर बनाएर बस्ती बसाल्न मिल्ने हो, होइन ? वर्षाको वाढीलाई २/३ फिटको उचाइको वालले धान्छ कि धान्दैन ? प्लटिङ्गको लागि मापदण्ड चाहिन्छ कि चाहिंदैन ? यो चाहिं विचारणीय पक्ष देखियो ।

**बाँके राष्ट्रिय निकुञ्ज**

निकुञ्जको घोषणा भएको एक वर्ष हुंदा समेत कर्मचारीको पदपूर्ति हुन सकेको पाइएन । १५४ जनाको दरबन्दी भएकोमा हाल १६ जना मात्र कार्यरत रहेको पाइयो । यस निकुञ्ज क्षेत्रमा द्वन्द कालमा विस्थापित भएका ७०० घरधुरी अव्यवस्थित रुपले वसोवास गरिरहेको पनि जानकारी प्राप्त भएको छ । निकुञ्जको सुरक्षार्थ सेना खटाउने काम  र कर्मचारी र सुरक्षाकर्मी बस्नको लागि भौतिक संरचना पनि बनिसकेको देखिंएन । यही निकुञ्ज क्षेत्रभित्र सशस्त्र प्रहरीको वागेश्वरी गण, सम्शेरगंज र त्रिपुरागण कोहलपुरमा रहेका छन् । नया सेनालाई निकुञ्जको सुरक्षार्थ ल्याएर नया निर्माणमा लाखौं खर्च गर्न भन्दा यहिं रहेको  सशस्त्र प्रहरी गणलाई खटाउन उपयुक्त देखिन्छ भनी वार्डेनले वताउनु भयो ।

**विविध**

जिल्ला र गाउँमा स्थानीय राजनीतिक दलहरुको संयन्त्रले योजना, कार्यक्रम र बजेट विनियजन गराउने कामसम्म गर्ने रहेछ तर यस संयन्त्रको सिफारिसमा भए गरेको काम कानून सम्मत नभएमा वा वेठीक भएमा त्यो संयन्त्र जवाफदेही हुनु पर्ने अवस्था देखिएन । त्यसले गर्दा बढी विकृति र विसंगतिहरु देखिए ।

धनगढी नजिक कंचनपुरको अमर वस्ती र डोके वजार रहेको सो जग्गा सरकारले पहिले जंगल फँडानी गरी बस्ती बसाल्न नाममा भूतपूर्व सैनिकलाई जग्गा वितरण गरिएको रहेछ । सो वस्तिले गर्दा कंचनपुरको लालझाडी वन र भारतको दुधवा वन्यजन्तु आरक्ष हुँदै वर्दिया राष्ट्रिय निकुञ्जसम्म जोड्ने जैविक मार्ग टुट्न गएको देखिन्छ । त्यसमाथि भारतले सिमा क्षेत्रमा ट्रेञ्च बनाएर जनावरहरु ओहोर दोहर गर्न नसक्ने र जोखिममा पर्ने अवस्था समेत देखियो । यो वस्तिलाई अन्यत्र स्थानान्तरण गर्ने हो भने यो राम्रो जैविकमार्ग को रुपमा विकास हुने देखिन्छ ।

खाता कोरिडोर क्षेत्रमा पर्ने सम्झना, भग्रैया, पत्थाबोझी लगायतका क्षेत्रलाई कर्णाली नदी दुईतिर वहेर टापु बनाएकोले त्यहाँ रहेका १८० घर परिवारहरु सँधै कर्णालीको बाढीको जोखिममा रहेकाले तिनीहरुलाई अन्यत्र स्थानान्तरण गर्नु पर्ने देखिन्छ । तिनीहरुलाई अन्यत्र स्थानान्तरण गर्ने हो भने खाता कोरिडोरको चौंडाइ बढ्न गै जैविक मार्ग अझ सुदृढ हुने र जनधनको सुरक्षा हुने देखिन्छ ।

**सुझाव एवं निर्देशनहरु**

| क्र.सं. | सुझाव एवं निर्देशन | कसले गर्ने | कहिले सम्ममा गर्ने |
|---|---|---|---|
| १. | वन संरक्षण समस्या अध्ययन प्रतिवेदन,२०६७ मा उल्लेख भएको सुझाव एवं निर्देशनहरु कार्यान्वयन भएको नपाइएकोले यथाशीघ्र कार्यान्वयन गर्न निर्देशन दिने । | सम्वन्धित मन्त्रालयहरु | प्रतिवेदनमा तोकिए अनुसार |
| २. | वन अतिक्रमण गरी वसोवास गरेकाहरु मध्ये बास्तविक भूमिहीनहरुलाई अतिक्रमित क्षेत्रको निश्चित भागमा तत्कालको लागि शिविर बनाउन लगाई वसोवास गराई सोदेखि वाहेकको अन्य क्षेत्रमा वृक्षारोपण गरी वन जंगल हुर्काउने । | वन तथा भू-संरक्षण मन्त्रालय र गृह मन्त्रालय | छ महीना |
| ३. | वन अतिक्रमण गरी बनाइएका पक्की घरहरु प्रकृति हेरी सरकारले आफ्नो स्वामित्वमा लिई वन कार्यालयलाई हस्तान्तरण गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय र गृह मन्त्रालय | छ महीना |
| ४. | जंगली जनावर र पशुपंक्षीहरुको आवागमन र वासोवासमा असर पर्ने गरी संवदनशिल वनक्षेत्रसंगै होहल्ला हुने, फाइरिङ्ग गर्ने धेरै प्रहरी वा सैनिक वस्ने वा तालिम संचालन केन्द्र निर्माणमा रोक लगाउने व्यवस्था मिलाउने । यस्ता स्थानमा उनीहरुका जमिन भएमा | वन तथा भू-संरक्षण मन्त्रालय, गृह मन्त्रालय | छ महीना |

| | | | |
|---|---|---|---|
| | अन्यत्र व्यवस्था गरी यस्ता जमिनमा वृक्षारोपण र संरक्षण कार्यका लागिमात्र उपयोग गर्ने गरी व्यवस्था मिलाउने । यसै सन्दर्भमा दाङ्ग जिल्ला लालमटिया गा.वि.स. स्थित गिद्ध संरक्षण केन्द्र र गाऊँ बीचमा रहेको खालि जग्गा सशस्त्र प्रहरी बल ज्वालामाई गणको स्वामित्वमा रहेको जग्गामा पनि बृक्षारोपण र संरक्षणको कार्य गर्ने । | | |
| ५. | वन अतिक्रमणकारीहरुलाई सामुदायिक वन नदिने । | | |
| ६. | बाँके राष्ट्रिय निकुञ्जमा निकुञ्जका कर्मचारी र सुरक्षाकर्मीको लागि भौतिक संरचना छिटो निर्माण हुनु पर्ने र निकुञ्ज सुरक्षार्थ सेनालाई यथाशीघ्र खटाउने | रक्षा मन्त्रालय | |
| ७. | जलचर संरक्षणको लागि उपयुक्त देखिएका कर्णाली लगायतका नदीहरुमा अनियन्त्रित रुपमा माछा मार्ने र माछा मार्न ठेक्का लगाउने काम बन्द गरिनु पर्छ । | वन तथा भू-संरक्षण मन्त्रालय | तुरुन्त शुरु गरी निरन्तरता दिने |
| ८. | सामुदायिक र अन्य वनहरुलाई आफ्नो वनमा वन जंगलको संरक्षण र सम्बर्धन मात्र नगरी जनावर र जलचरको पनि संरक्षण गर्न एवं सिमसार क्षेत्रको निर्माण र व्यवस्थापन गर्न प्रोत्साहन गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | तीन महीना भित्र शुरु गरी निरन्तरता दिने । |
| ९. | कैलालीको लालझाडी क्षेत्र, बर्दियाको भगरैया र वसन्ता जैविक मार्ग भारतको दुधवा राष्ट्रिय निकुञ्ज जोड्ने जैविक मार्ग हुँदा सो क्षेत्रको जग्गा अधिग्रहण गरी जैविक मार्ग कायम गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय र गृह मन्त्रालय | छ महीना |
| १०. | नेपालका चक्लाबन्दी वन, राष्ट्रिय निकुञ्ज र भारतको दुधवा एवं कतर्नियाघाट राष्ट्रिय निकुञ्जको वीच जंगली जनावरहरु ओहोर दोहरमा असर पर्ने गरी बनाइएका ट्रेञ्चहरु हटाउन नेपाल सरकारले भारत सरकारसँग कुराकानी गरी समस्या समाधान गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय र परराष्ट्र मन्त्रालय | छ महीना |
| ११. | घाँसे मैदान व्यवस्थापन कार्यक्रमलाई P1 मा राख्नु पर्दछ । | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | आ.व.६८/६९ बाट |
| १२. | कानूनले तोके वाहेकको अवस्थामा जो कोहि व्यक्ति बन्दुक वा हतियार सहित जंगलभित्र भेटिएमा पनि चोरी शिकार गरेको वा लागेको मानी कानूनी कारवाही गर्न सक्ने गरी कानूनमा संशोधन गर्नु पर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय, कानून तथा न्याय मन्त्रालय | छ महिना |
| १३. | कोशी, गण्डक लगायतका तटबन्ध वा व्यारेज बनाएको ठाउँमा फिस ल्याडर राख्ने व्यवस्था मिलाउने । | वन तथा भू-संरक्षण मन्त्रालय र परराष्ट्र मन्त्रालय | एक वर्ष |
| १४. | लुम्बिनीमा वन विकासको लागि सिसौहरु रोपिएका छन् । | संघीय मामला, | आ.ब. ६८/६९ |

| | | | |
|---|---|---|---|
| | वुद्धको जन्मभूमिमा एकै खालका सिसौ जस्ता विरुवाको सट्टा चरा मैत्री खालका जैविक विविधता युक्त विरुवा रोपिनु पर्ने । | संविधानसभा, संसदीय व्यवस्था तथा संकृति मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालय | बाट शुरु गर्ने । |
| १५. | वन तथा भू-संरक्षण मन्त्रालयले भूमिसुधार तथा व्यवस्था र गृह मन्त्रालयको सहयोग लिई अतिक्रमण भएको वन क्षेत्र छुट्याउने र अतिक्रमण हटाउन जिल्ला वन कार्यालय, जिल्ला प्रशासन कार्यालय स्थानिय निकाय र नापी कार्यालयले समन्वयात्मक रुपमा राजनैतिक सहमति बनाई कार्य गर्नु पर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | एक वर्ष |
| १६. | चुरे संरक्षण एकीकृत रुपमा गर्नु पर्ने देखिएकोले यस सम्बन्धी सवै कार्यक्रम एकद्वार प्रणालीबाट सञ्चालन गर्ने । कार्यक्रम सञ्चालनको लागि जिल्ला वन अधिकृतको संयोजकत्वमा स्थानीय विकास अधिकारी, जिल्ला भू-संरक्षण अधिकृत, जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयका अधिकृत, जिल्ला कृषि विकास कार्यालयका कृषि अधिकृत, पशु स्वास्थ्य कार्यालयका प्रमुख, सामुदायिक वनका प्रतिनिधिहरु र चुरे संरक्षणको कार्यमा संलग्न संघ, संस्थाका प्रतिनिधिहरु सदस्य रहेको समिति बनाउने र सो समितिले एकीकृत रुपमा चुरे संरक्षणको कार्यक्रम सञ्चालन गर्ने । कार्यक्रमको अनुगमन र मुल्याङ्कन सम्बन्धित क्षेत्रको क्षेत्रीय वन निर्देशनालयले गर्ने । यसको लागि छुट्टै कानूनको व्यवस्था गर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, सिंचाई मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालय । | छ महीना भित्र शुरु गरी निरन्तरता दिने । |
| १७. | चुरे संरक्षणमा वायो इञ्जिनियरिङ्गलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । | वन तथा भू-संरक्षण मन्त्रालय | तीन महीना भित्र शुरु गरी निरन्तरता दिने |
| १८. | स्थानीय निकायहरुले वन क्षेत्रमा बनाएका सडकहरु, त्यसको औचित्यता र ती बाटाहरुले राष्ट्रिय सम्पदामा पुऱ्याएको क्षतिको छानविन र मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । | स्थानीय विकास मन्त्रालय | तीन महीना |
| १९. | पहाडी क्षेत्रमा निर्माण भएका सडकको दायाँ वायाँ बाँस लगायतका भू-संरक्षण हुने प्रकृतिका विरुवा र घाँस लगाई त्यसको संरक्षण सडक कार्यालयहरुले गर्ने । | भौतिक योजना तथा निर्माण मन्त्रालय । | तुरुन्त शुरु गरी निरन्तरता दिने । |
| २०. | जिल्लाभित्र सडक र बाटो निर्माणको लागि जिल्ला विकास समितिले गुरु योजना बनाउने । सो गुरु योजना अन्तरगत सकभर वन क्षेत्र छलेर बाटो बनाउने, वन क्षेत्र प्रयोग नगरी नहुने अवस्थामा वातावरण संरक्षण | स्थानीय विकास मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय र | तीन महीना भित्र शुरु गरी निरन्तरता दिने |

| | | | |
|---|---|---|---|
| | ऐन, नियमावली अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गराई वन तथा भू-संरक्षण मन्त्रालयको स्वीकृति लिएर मात्र बनाउने । यसरी बाटो बनाउँदा जति वोट विरुवाको क्षति हुन्छ, त्योभन्दा २५ गुणा बढी विरुवा वन कार्यालयले उपलब्ध गराएको अर्को ठाउँमा विरुवा रोपी वन हुर्काउने दायित्व बाटो निर्माणकर्ताको हुने व्यवस्था मिलाउने । | वातावरण मन्त्रालय | |
| २१. | वन कर्मचारीहरुको लागि छिटोभन्दा छिटो रेञ्जपोष्ट भवनहरु बनाउनु पर्ने र वन सुरक्षा सम्बन्धी दरबन्दी अनुसारका पदहरु पूर्ति गर्न तुरुन्त कारवाही अगाडि बढाउने । | वन तथा भू-संरक्षण मन्त्रालय र अर्थ मन्त्रालय | छ महीना |
| २२. | भिरालो वन क्षेत्रमा वोट विरुवाको हानी नोक्सानी हुने गरी खोरिया खन्ने कार्यलाई तुरुन्त नियन्त्रण गरी वन क्षेत्रलाई क्षयीकरणबाट रोक्नु पर्ने । | वन तथा भू-संरक्षण मन्त्राय | तुरुन्त शुरु गरी निरन्तरता दिने । |
| २३. | कर्णालीको चिसापानीमा वातावरण संरक्षण ऐन, नियमावली विपरीत वनको स्वीकृति विना बनाएको पर्यटन सूचना केन्द्र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जिल्ला वन कार्यालय, कैलालीलाई तुरुन्तै हस्तान्तरण गर्ने र निर्माणाधिन मन्दिर भत्काउने । वन अतिक्रमण गरी प्लटिङ्ग गर्नेलाई कानूनी कारवाही गर्ने । | पर्यटन तथा नागरिक उडड्यान मन्त्रालय, गृह मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय | तीन महीना |
| २४. | चितवन जिल्ला अन्तर्गत सशस्त्र वन सुरक्षा तालिम केन्द्र, टिकौलीको परेड ग्राउण्ड तथा आसपासका वन क्षेत्र अत्यन्त सम्वेदनशील जैविक मार्गमा पर्ने, वहुमूल्य एक सिंगे गैंडाको वासस्थान एवं घुमफिर गर्ने स्थान भएको र रामसार सूचीमा रहेको बीस हज्जारी तालको पानीको स्रोतको रुपमा समेत रहेको वन क्षेत्रलाई यथावत अवस्थामा राख्ने र सो वन क्षेत्रको जग्गा अन्य प्रयोजनको निमित्त उपयोग गर्न नदिन निर्देशन दिने । | वन तथा भू-संरक्षण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | तुरुन्तै |
| २५. | सरकारले चाँडै भूउपयोग नीति ल्याई सुकुम्बासी, मुक्त कमैया र हलियाहरुको उचित व्यवस्थापन गरी कृषि क्षेत्र, वन क्षेत्र, औद्योगिक क्षेत्र, आवास क्षेत्र, नदीको वहाव क्षेत्र स्पष्ट रुपले किटान गरी भूउपयोग नीति अनुसार तोकिएको क्षेत्रमा तोकिए वमोजिम मात्र कार्य गर्ने व्यवस्था मिलाउने । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | छ महीना |
| २६. | निकुञ्जबाट जंगली जनावर वाहिर निस्की मानिस र तिनीहरुको सम्पत्ति नोक्सान हुँदा तुरुन्त राहत दिन सकिने व्यवहारिक व्यवस्था मिलाउन पर्ने । | वन तथा भू-संरक्षण मन्त्राय, अर्थ मन्त्रालय । | तुरुन्त शुरु गरी निरन्तरता दिने । |

| | | | |
|---|---|---|---|
| २७. | सरकारी निकायबाट वनको काठ कटान, मुछान गर्न एउटा Revolving Fund र वन्यजन्तुबाट मानव क्षति भएमा तत्कालै राहत दिन कोषको व्यवस्था हुनु पर्ने । र ठेक्का प्रथा निरुत्साहीत गर्न सामुदायिक वनहरुको काठ निर्यात र कटानलाई व्यवस्थित गर्न सहकारी उद्योग खोल्ने कानूनी व्यवस्था मिलाउन सहकारी विभागलाई अनुरोध गर्ने । | कृषि तथा सहकारी मन्त्रालय र कानून तथा न्याय मन्त्रालय | छ महीना |
| २८. | पोखरीहरु पानी रिचार्जका स्रोत भएकाले परम्परागत पोखरीहरु मासिदै जाँदा पानीका मुहानहरु पनि सुक्ने भएकाले परम्परागत पोखरीहरुको संरक्षण, सम्बर्द्धन गर्दै नयाँ पोखरीहरु निर्माण गर्ने कार्यक्रम हुनु पर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय, पर्यटन तथा नागरिक उडड्यान मन्त्रालय र स्थानीय विकास मन्त्रालय | छ महीना भित्र काम शुरु गरी निरन्तरता दिने । |
| २९. | वातावरण प्रभाव मूल्याङ्कन प्रक्रियालाई सरल र छरितो बनाउनु पर्ने । यसको लागि आवश्यक जनशक्ति, स्रोत र साधनको व्यवस्था गर्ने । | वातावरण मन्त्रालय, अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालय | छ महीना |
| ३०. | चुरेमा रहेका वासिन्दालाई त्यहाँ उब्जेको अनाजले तीन महीना पनि खान नपुग्ने, वनको पनि नोक्सानी हुने, खनजोत गर्दा भूस्खलन हुने, रोजगारीको अवसर पनि प्राप्त नहुने भएकोले तिनीहरुलाई अन्यत्र स्थानान्तरण गर्ने कार्यक्रम पनि चुरे संरक्षण कार्यक्रमकै अभिन्न अगं बनाई संचालन गर्नु पर्ने । | वन तथा भू-संरक्षण मन्त्रालय | छ महीना भित्र शुरु गरी निरन्तरता दिने । |
| ३१. | कुनै डाँडामा थोरै घर छ भने त्यस्तो घरहरुको लागि वन क्षेत्र मासेर बाटो बनाउनुभन्दा बस्तीलाई नै अन्त सार्न प्रोत्साहन गर्ने । | भौतिक योजना तथा निर्माण मन्त्रालय | छ महीना भित्र शुरु गरी निरन्तरता दिने |
| ३२. | मुक्त कमैयालाई वसोवास गराउँदा सकभर व्यवसायिक केन्द्र वा शहरको नजिक काम पाउने र वैकल्पिक आय आर्जन गर्न सक्ने ठाउँमा गराउने । | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | एक वर्ष |
| ३३. | लुम्विनी, जगदीशपुर लगायतका पश्चिमी क्षेत्रका नदी र तालहरुमा पनि पाहुना चराहरु मौसम अनुसार आउने भएको ती ताल र नदीहरुको पनि संरक्षण र विकास गर्ने । | पर्यटन तथा नागरिक उडड्यान मन्त्रालय | |